# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त १० जिल्ला कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, ईटहरी -०४, सुनसरी,** फोन नं. : ०२५-५८८१७७/१७८

Website : supportmicrofinance.com.np/E-mail : smicrofinance7@gmail.com

## Unaudited Financial Report (Quarterly)

As at 1st Quarter (2077.06.30) of the Fiscal Year 2077/078

(Rs. in '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | Total Capital & Liabilities (1.1 to 1.7) | 1125972.15 | 1056753.14 | 841946.11 |
| 1.1 | Paid-up Capital | 66000.00 | 66000.00 | 60000.00 |
| 1.2 | Reserves and Surplus | 26654.05 | 23224.05 | 13360.83 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 774748.87 | 738198.91 | 567420.65 |
| 1.5 | Deposits (a+b) | **192249.62** | **169832.03** | **149629.20** |
| | a. Domestic Currency | 192249.62 | 169832.03 | 149629.20 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 66319.62 | 59498.15 | 51535.43 |
| 2 | Total Assets (2.1 to 2.7) | 1125972.15 | 1056753.14 | 841946.11 |
| 2.1 | Cash & Bank Balance | 5929.58 | 6479.84 | 4117.23 |
| 2.2 | Money at call and short Notice | 102009.22 | 114472.82 | 61452.41 |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **960743.71** | **875783.01** | **735466.62** |
| | a. Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 960743.71 | 875783.01 | 735466.62 |
| 2.5 | Fixed Assets | 5060.74 | 4990.60 | 6131.19 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 51228.89 | 54026.87 | 33778.67 |
| 3 | Profit and Loss Account | | | |
| 3.1 | Interest income | 34815.23 | 134016.74 | 26998.04 |
| 3.2 | Interest Expense | 16920.14 | 77338.34 | 17595.31 |
| A | **Net Interest Income (3.1-3.2)** | **17895.09** | **56678.40** | **9402.73** |
| 3.3 | Fees Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 5365.36 | 15036.52 | 4553.09 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **23260.45** | **71714.92** | **13955.82** |
| 3.6 | Staff Expenses | 8665.88 | 33278.22 | 7825.30 |
| 3.7 | Other Operating Expenses | 4209.45 | 13828.61 | 2714.84 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **10385.12** | **24608.09** | **3415.68** |
| 3.8 | Provision for Possible Loss | 3111.20 | 2682.22 | 1269.45 |
| D | **Operating profit (C-3.8)** | **7273.92** | **21925.87** | **2146.23** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | | | |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **7273.92** | **21925.87** | **2146.23** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **7273.92** | **21925.87** | **2146.23** |
| 3.12 | Provision For Staff Bonus | 727.39 | 2192.59 | 195.11 |
| 3.13 | Provision For Tax | 1963.96 | 5919.98 | 585.34 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **4582.57** | **13813.30** | **1365.78** |
| 4 | Ratios | | | |
| 4.1 | Capital Fund to RWA | 9.33% | 9.12% | 9.65% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 2.36% | 4.75% | 3.86% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 54.25% | 22.04% | 27.36% |
| 4.4 | Cost of Funds | 7.43% | 7.86% | 11.22% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 499.74% | 515.68% | 491.53% |

| | |
|---|---|
| 1. Deposit : 4% - 12% | 1. Loans and advance : 15% |

Note: Above position & performances are subject to change if instructed by statutory auditor and regulatory authority.

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची-१४

**(नियम २६ को उपनियम १ सँग सम्बन्धित)**

## आ.व.२०७७/७८ को प्रथम त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण** :

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यसै साथ प्रकाशित गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरु** :

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.२७.७७ | २८.९५ | रु.१४०.३८ | रु.१,७०६.०२ | ११.१६ |

२. **व्यवस्थापकीय विश्लेषण** :

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : विश्वव्यापी रुपमा फैलिएको कोरोना(COVID-19)भाइरसको प्रभावलाई रोक्न नेपाल सरकारबाट यस अवधिमा लकडाउन नगरिएता पनि समिक्षा अवधिको मध्यतिर कोरोना रोकथाम र संक्रमणको प्रवाह रोक्न स्थानिय प्रशासन/तहहरुमा लकडाउन/निषेधाज्ञा जस्ता कार्यक्रमहरु ल्याइएकोले लघुवित्त संस्थाहरुको कारोबारमा प्रभाव परेको, बाढी पहिरोका कारण यस समयमा उत्पादन हुने नगदे बालीको उत्पादनलाई प्रभाव पारेको, जनधनको क्षती भएको तथा विगतमा लामो समय भएको लकडाउनका कारण ऋणी वा परिवारका सदस्यहरुले रोजगारी गुमाएका, आफ्नो उत्पादित वस्तुले उचित मुल्य प्राप्त गर्न नसकेको तथा आर्थिक गतिविधी प्रभावकारी रुपमा अघि बढन नसकेकोले अपेक्षित रुपमा वित्तीय संस्थाको साँवा तथा व्याज असुलीमा कठिनाई भोग्नु परेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : समिक्षा अवधिमा देशव्यापी रुपमा लकडाउन नरहेता पनि आर्थिक गतिविधी प्रभावकारी रुपमा अघि बढ्न नसकेको, हाल कोरोना भाइरसको संक्रमण बढीरहेको, कोरोना विरुद्ध खोप आउन अझ केही समय लाग्ने सञ्चार माध्यमहरुबाट सूचना सम्प्रेषण भईरहेको, तत्काल नयाँ रोजगारीको सृजना नभएको, रोजगारी गुमाएका व्यक्तिहरुको संख्या दिनानुदिन बढीरहेको र तत्काल आर्थिक कृयाकलाप पुरानै अवस्थामा फर्कन सक्ने अवस्था नदेखिएकोले चालु वर्षको व्यवसायिक योजना प्रभावित हुने देखिन्छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : लघुवित्त वित्तीय संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना साथै कर्जा सुचना केन्द्रमा लघुवित्त वित्तीय संस्थाहरुको तथ्याङ्क अद्यावधिक हुन नसक्दा खराब ऋणी सदस्य पहिचानमा कठिनाई, ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र कर्जाको दुरुपयोग आदी कारणले वित्तीय कारोबार असर परिरहेको छ, साथै अस्वस्थ प्रतिस्पर्धाका कारण चुनौतीहरु वृद्धी हुने क्रम यथावत रहेको छ । कोरोना भाइरस संक्रमण नियन्त्रणका लागि नेपाल सरकारले गरेको लकडाउनका कारण आर्थिक गतिविधीमा कमी आएकोले समिक्षा अवधिमा बजारमा नगद प्रवाहमा कमी आएको, यसको असर लघुवित्त क्षेत्रमा अझ बढी परेको महशुस गरिएको र यसको प्रभाव लामो समयसम्म रहने विश्लेषण गरिएको छ । साथै, नेपाल राष्ट्र बैंकले मौद्रिक नितीमार्फत लघुवित्त संस्थाहरुले ऋणी सदस्यसँग लिइने व्याजदरमा कटौती गरेकोले, लघुवित्त संस्थाहरुलाई समुदायमा काम गर्न केही सहज भएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :

क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको छैन ।

ख) यस त्रैमासिक अवधिमा वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४.**संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

क) शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा वित्तीय संस्था तटस्थ रहेको छ । यद्यपी संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने आधारभुत सूचनाहरु प्रचलित ऐन नियमको परिधी भित्र रही प्रवाहित गर्ने गरेको छ ।

ख) नेपाल स्टक एकसचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधिको शेयरको कारोबार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु.९७७/- | रु.७८२/- | रु.८०४/- | ६३ दिन | १,४५१ |

५.**समस्या तथा चुनौती** :संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण ।

क) विश्वव्यापी चुनौतीका रुपमा रहेको कोरोना भाइरस(COVID-19) का कारण देशमा लकडाउन शुरु भए देखिनै किस्ता(साँवा तथा ब्याज) असुलीमा प्रत्यक्ष असर परेकोले वित्तीय संस्थाको आम्दानीमा असर गरेको, देश लामो समय लकडाउन रहँदा यसले आर्थिक गतिविधीमा ठुलो प्रभाव पारेको र हाल देशव्यापी लकडाउन खुलेता पनि कोरोनाको संक्रमण बढदै जाँदा विभिन्न स्थानहरुमा स्थानिय तह/प्रशासनहरुले पुन: लकडाउन/निशेधाज्ञा शुरु गरेकोले साँवा ब्याज असुली नियमित गराउन बढी समस्या देखिएको ।

ख) एउटै कार्यक्षेत्रमा लघुवित्त संस्थाहरुको बाक्लो उपस्थिती रहेकोले कारोबारमा हुने दोहोरोपनाका कारण असुलीमा प्रत्यक्ष असर परी कर्जाको गुणस्तर कमजोर हुन गएको ।

ग) कर्जा सापटको व्याजदर बैंक वित्तीय संस्थाले तुरुन्तै नघटाएका तर चालु आ.ब.मौद्रिक नितीबाट कर्जाको व्याजदर तुरुन्त घटाउन दिइएको निर्देशनले संस्थाको आम्दानीमा भने प्रभाव पर्न गएको ।

घ) संस्थाका कर्मचारीहरु वित्तीय कारोबारका लागि समुदायमा गईरहँदा केही कर्मचारीहरु कोरोना(Covid-19) भाइरस संक्रमित भई काममा बाधा परेको ।

ङ) कोरोना भाइरसको संक्रमण, प्रभाव र त्रासका कारण लघुवित्तको कारोबार स्थल केन्द्र बैठक हुन कठिनाई भएको, ऋणको किस्ता असुलीको लागि प्रत्येक ऋणी सदस्यको घर-दैलोमा जानु पर्दा संस्थाको लागत बढ्ने, कर्मचारी तथा ऋणी दुवैलाई कोरोना संक्रमणको जोखिम उच्च रहेको ।

६.**संस्थागत सुशासन** : नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३ ( संशोधन सहित) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदी पालना गरिएको छ । वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियामवली र अन्य आन्तरिक नीति निर्देशिकाहरु, आन्तरिक लेखापरिक्षण निर्देशिका, सुचना प्रणाली नीति, सम्पति शुद्धीकरण अनुगमन निर्देशिका तयार गरी लागु गरिएको छ । त्यसैगरी लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पति शुद्धीकरण अनुगमन समिती गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

७.**सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित हुन निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।